आज मिति २०८१ साल चैत्र ७ गते विहिवारका दिन विहान ८ : ०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सोह्रौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क्र.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| ११ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १३ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १४ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सोह्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/१२/७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१**

| |
|---|
| **प्रस्तावको विषय** : भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणित सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ |
| **निर्णय हुनु पर्ने विषय :** थप भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणित गर्ने । |
| **भएको निर्णय** : नेपाल सरकारले भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु लाइ जग्गा उपलब्ध गराउने प्रयोजनको लागी स्थानीय तहमा भूमि इकाई स्थापना गरी लगत संकलन गर्ने कार्यका लागी प्रकाशित सूचना अनुसार तोकिएको अवधी भित्र यस गाउँपालिकामा जम्मा २८०४ जनाको लगत संकलन भएकोमा कतिपय व्यक्तिहरुको लगत छुट भएको हुँदा पुन मिति २०८०/११/२४ मा छुट भएका व्यक्तिहरुको लगत संकलन गर्ने गरी ३५ दिने सार्वजनिक सूचना प्रकाशित हुँदा थप ४१ जना व्यक्तिहरुको लगत थप भएको हुँदा सो समेत कुल २८४५ जना लगत प्रमाणित गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : पोषण सहजकर्ताको पारिश्रमिक सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ |
| **निर्णय हुनु पर्ने विषय :** नेपाल सरकार बाट पोषण सहजकर्ताको पारिश्रमिक निकासा नभइ सकेकोले यस गाउँपालिकाको मिल्दो शिर्षक बाट पोषण सहजकर्ताको पारिश्रमिक भुक्तानी दिने । |
| **भएको निर्णय** : गाउँपालिकामा नियुक्ति हुनु भएका पोषण सहजकर्ताहरुको पारिश्रमिक संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट हाल सम्म निकासा प्राप्त भई नसकेकोले पछि रकम निकासा प्राप्त भएमा शोधभर्ना हुने गरी हाल लाइ यस गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम तर्फ विनियोजन भएको करार सेवा शुल्क बाट पोषण सहजकर्ताको पारिश्रमिक भुक्तानी दिन गाउँ कार्यपालिका कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो । |
| प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/१२/७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सोह्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/१२/७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :३**

| |
|---|
| **प्रस्तावको विषय** : जलचर एवं जलिय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : कार्यपालिका बैठकमा पेश हुन आएको जलचर एवं जलिय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ आगामी गाउँसभामा पारित गर्ने गरी स्वीकृत गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकाको विधायन समितिमा छलफल भइ गाउँ कार्यपालिका बैठकमा पेश हुन आएको तपशिलको ऐन आगामी गाउँसभामा पारित गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।<br>तपशिल<br>१. जलचर एवं जलिय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ |

**प्रस्ताव नं :४**

| |
|---|
| **प्रस्तावको विषय** : सहयोग रकम सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : कार्यपालिका सदस्य स्वर्गिय ईश्वर बहादुर वि.क. को आश्रित परिवार लाइ रु. ४५००००।- रकम सहयोग गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाका कार्यपालिका सदस्य ईश्वर बहादुर विश्वकर्माको यही मिति २०८१/११/१३ गते असामयिक निधन भएको र निजको पारिवारिक आर्थिक अवस्था कमजोर भएको हुँदा निजको आश्रित परिवार लाइ सहयोग स्वरुप रु. ४५००००।- (अक्षरेपी : चारलाख पचास हजार मात्र) आर्थिक सहयोग प्रदान गर्न गेरुवा गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(ज बमोजिम (निर्णयको**<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/१२/७ |

**प्रस्ताव नं :५**

| |
|---|
| **प्रस्तावको विषय** : कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** कार्यबोझको आधारमा कर्मचारीहरु लाइ दिंदै आएको प्रोत्साहन भत्ता अर्को व्यवस्था नभए सम्मको लागी स्थगित गर्ने । |
| **भएको निर्णय :** गेरुवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यबोझको आधारमा कार्यालय समय अघिपछि र सार्वजनिक विदाको दिनमा समेत काममा खटिनुपर्ने कर्मचारीहरु लाइ गाउँपालिकाले जारी गरेको कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०७६ बमोजिम तह र जिम्मेवारी अनुसार प्रोत्साहन भत्ता सुविधा दिदैं आएकोमा हालको अवस्थामा स्थायी सेवाका कर्मचारीहरुको संख्यामा समेत बृद्धी भएको र समय अनुसार प्रोत्साहन भत्ता कार्यविधि २०७६ का मापदण्ड संशोधन गर्नुपर्ने देखिएकोले अर्को व्यवस्था नभए सम्मका लागी कर्मचारीहरु लाइ दिदैं आएको प्रोत्साहन भत्ता स्थगित गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :६**

| |
|---|
| **प्रस्तावको विषय** : किसान प्रा.वि. को अधुरो वाल निर्माण सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा ४ खोनपुर स्थित किसान प्रा.वि. को अधुरो वाल निर्माण गर्ने । |
| **भएको निर्णय :** गेरुवा गाउँपालिका वडा नं. ४ स्थित किसान प्रा.वि. खोनपुरको वाल निर्माण योजना १७ औं गाउँसभामा निर्णय गर्न छुट भएको र उक्त विद्यालय बर्दिया राष्ट्रिय निकुञ्ज संग नजिक भइ घेरा पर्खाल लगाउन अति आवश्यक भएकोले चालु आ.व. २०८१/०८२ को ............ शिर्षक बाट रु. १५००००।- रकम खर्च गर्ने गरी यसै आ.व. मा विद्यालयको घेरापर्खालको काम पुरा गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/१२/७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को सोह्रौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णय:
बैठक मिति 208 :१/१२/७ समय विहान :८:०० बजे

**प्रस्ताव नं :७**

**प्रस्तावको विषय** : गेरुवा महोत्सवको स्टलको रकम सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय** : गेरुवा महोत्सवमा गाउँपालिकाले संचालन गरेको स्टल वापतको रकम भुक्तानी दिने ।

**भएको निर्णय** : शान्तिबजार व्यापार व्यवस्थापन समितिको आयोजनामा यही मिति २०८१ कार्तिक ३ गते देखी ऐ. १३ गते सम्म गेरुवा ३ शान्तिबजारकव बालुवाटारमा संचालन भएको तेश्रो गेरुवा महोत्सवमा गाउँपालिकाले प्रवाह गर्ने शिक्षा, स्वास्थ्य, कृषि, आयुर्वेद लगाएतका विषयमा गाउँबासीहरु लाइ जानकारी दिने उद्देश्यले स्टल संचालन गरेको ४ वटा स्टल वापत आ.व. २०८१/०८२ को विविध खर्च शिर्षक बाट एकमुष्ट रु. २५०००।- रकम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं :८**

**प्रस्तावको विषय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजना सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालनको लागी छनौट भएका योजनाहरु मध्ये विविध कारण वश संचालन हुन नसक्ने योजनाहरु संशोधन गर्ने ।

**भएको निर्णय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा संचालनको लागी छनौट भएका योजनाहरु मध्ये कतिपय योजना तथा कार्यक्रमहरु विविध कारण वश संचालन हुन नसकेकोले उक्त योजना तथा कार्यक्रमहरु लाइ तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.सं. | साविक योजना | संशोधित योजना | कैफियत |
|---|---|---|---|
| १. | बेलभरिया खुशीराम थारुको घर देखी बग्रहान घर सम्मको बाटोमा माटो पटानी | उत्तर मनाउ भुवन चौधरीको घर देखी गुप्तिपुर जाने नया बाटो निर्माण | स्थानीय विवादको कारण साविक योजना संचालनमा समस्या भएकोले संशोधन गरिएको |

**स्थानीय सरकार सञ्चालन ऐन को उपदफा 84 को दफा 2074२ बमोजिम निर्णयको (ज)**

प्रमाणिकरण गर्ने-:

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/१२/७

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :९**

**प्रस्तावको विषय** : योजना माग सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** बन तथा वातावरण मन्त्रालयमा तटबन्धको योजना माग गर्ने ।

**भएको निर्णय :** यस गेरुवा गाउँपालिका वडा नं. ३ गणेशपुर देखी कटेशपुर जोड्ने बुढीकुलो किनारमा एकातर्फ सामुदायिक वन र अर्को तर्फ सार्वजनिक सडक भएकोले बर्षेनी बर्षातको समयमा बुढीकुलोमा आएको बाढीले सामुदायिक वन तथा बाटो कटान गरी क्षेति पुर्याइ रहेकोले बन तथा बाटोको सुरक्षाको लागी बन तथा वातावरण मन्त्रालयमा तपशिल बमोजिमको तटबन्ध निर्माण योजना माग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | प्रस्तावित योजना/कार्यक्रमको नाम | आवश्यक बजेट |
|---|---|---|
| १ | गेरुवा गा.पा. वडा नं. ३ गणेशपुर देखी कटेशपुर सम्म बुढीकुलो किनारमा तटबन्ध निर्माण योजना | ५० लाख |

**प्रस्ताव नं. :** १०

**प्रस्तावको विषय** : योजनाको म्याद थप सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन :

**निर्णय हुनु पर्ने विषय :** सम्झौता अवधी भित्र निर्माण कार्य सम्पन्न गर्न नसक्ने कारण सहित म्याद थपको लागी निवेदन दिएका निर्माण व्यवसायीहरुको योजनाको म्याद थप गर्ने ।

**भएको निर्णय** : यस गेरुवा गाउँपालिकाले विभिन्न मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरु विविध कारण वश सम्झौता अवधि भित्र सम्पन्न हुन नसक्ने भएकोले म्याद थपको लागी निवेदन दिएका तपशिलका निर्माण व्यवसायीहरुले संचालन गरिरहेका तपशिलका ठेक्काहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम तपशिलको समय भित्र कार्य सम्पन्न हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण कम्पनी | निर्माण सम्पन्न गर्ने मिति | म्याद थप गरिएको अवधि | म्याद थप हुनुको कारण |
|---|---|---|---|---|---|
| W/GRM/NCB /02/2080-081 | Khonpur Samuhaghar Dekhi Mainapokhar jane sadak kalopatre | तुलसी - डि.जे. जे.भी. राजापुर ४, बर्दिया | २०८१/९/२९ | २०८२/२/३१ | २०८१ जेष्ठ देखी किसानहरुको खेतीको समयमा भएकोले कूलोमा पानी तथा बर्षाको पानीले नाला निर्माणको काम गर्न नसकेको तथा तत् पश्चात असोज कार्तिकमा सडक विस्तार गर्दा स्थानीय विवाद भएको कारणले काम गर्न नमिलेको म्याद थप गर्नु परेको । |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

प्रमाणिकरण गर्ने-:

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/१२/७